नेपाल सरकार

भूमि सम्वन्धी समस्या समाधान आयोग फोन नं.

जिल्ला समिति डडेल्धुरा

प.सं ०७७/०७८
च.नं.

# सूचना ! सूचना !! सूचना !!!

यस जिल्ला समितिका अध्यक्ष श्री पदमराज जोशीज्यूको अध्यक्षतामा मिति २०७७।१२।२७ गते बसेको बैठकको निर्णय अनुसार आयोगबाट मिति २०७७।११।१० मा विगतका आयोग, समिति वा कार्यदलले कार्य गरी बाँकी अधुरा अपुरा कार्य फर फछ्यौंट गर्ने सम्बन्धमा प्रकाशित ३५ दिने सूचना अनुसार यस समितिमा तोकीएको अवधि भित्र प्राप्त कुल निवेदन संख्या २६२ को बिस्तृत विवरण यसै साथ संलग्न गरिएको छ ।

अर्को निर्देशन प्राप्त नभएसम्म उक्त निवेदनका सम्बन्धमा वितरित जग्गा धनी प्रमाण पुर्जामा उल्लेख व्यक्तिको निरन्तर हक भोग, हक हस्तान्तरण वा व्यवहारिक खरिद बिक्री लगायतका बिषयमा कुनै दावि विरोध, निवेदन वा गुनासा भए सो संकलनका लागि यो १५ दिने सूचना प्रकाशन गरिएको छ । यस सूचना सार्वजनिक भएको मितिबाट तोकिएको अवधि भित्र संलग्न विवरणका सम्बन्धमा दावि विरोध, निवेदन वा गुनासा भए सम्बन्धित सबैले आफ्नो वडा कार्यालय, स्थानीय तह तथा यस जिल्ला समितिको कार्यालयमा पेश गर्नहुन सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । यस सूचनामा तोकिएको अवधि पश्चात प्राप्त दावी विरोध, निवेदन वा गुनासाको बिषयमा समितिले सम्बोधन गर्न बाध्य नहुने व्यहोरा समेत अनुरोध छ ।

सूचना प्रकाशित मिति २०७७।१२।३० गते सोमवार